नेपाल सरकार
सिंचाइ मन्त्रालय
सिंचाइ विभाग
सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना
(आई डब्ल्यू आर एम पी)

## कन्काई सिंचाइ प्रणाली

# सम्पत्ति व्यवस्थापन योजना - कन्काई शाखा नहर S4
# (मस्यौदा अन्तिम प्रतिवेदन)



# विषय सूची


१. आयोजनाको पृष्ठभूमि
२. S4 शाखा नहर सिंचाइ उप-प्रणालीको परिचय
३. जल उपभोक्ता संस्था
४. सम्पत्तिको वर्तमान अवस्थाको लेखाजोखा
५. नहर संचालन तथा मर्मत सम्भार खर्च
६. जल उपभोक्ता संस्थाको स्रोत व्यवस्थापन योजना
७. शाखा र **प्रशाखा** नहर अर्न्तगतको नहर, नहरी सफा गर्ने निति नियम
८. निष्कर्ष र सुझाव


## परिशिष्ट


१. S4 शाखा नहरको संरचनाहरुको वर्तमान अवस्थाको लेखाजोखा
२. S4 शाखा नहरसंग जोडिएका भवनहरु र अन्य सम्पत्तिको -
वर्तमान अवस्थाको लेखाजोखा
३. S4 शाखा नहरको नहर संचालन खर्चको विवरण
४. S4 शाखा नहरको मर्मत सम्भार खर्चको विवरण

# १. आयोजनाको पृष्ठभूमि

## १.१. सामान्य जानकारी

बिस्व बैंकले धैरै समय अगाडी देखिनै नेपालको सिचाई तथा जलस्रोतको क्षेत्रमा ठुलो भूमिका खेल्दै आइरहेको छ । येही भूमिका नै निरन्तरता दिनका लागि बिस्व बैंक र नेपाल सरकार बीच सिचाई तथा जलस्रोत ब्यबस्थापनका लागि सिचाई तथा जलस्रोत ब्यबस्थापन आयोजन (IWRMP) सहमति सन् २००८ जनवरी ३१ (2008 JAN 31) मा गरिएको थियो । यो आयोजनाको पहिलो चरण सन् २०१३ जुन ३० (2013 JUN 30) अन्त्य लगतै थप एक वर्ष गरि सन् २०१४ जुन ३० (2013 JUN 30)मा अन्त्य भएको थियो । सन् २०१३ डीसेम्बेरमा नेपाल सरकारले बिस्व बैंकसंग प्रणालीको पुर्नस्थापना, प्रणालीको आन्तरिकिकरण, प्रणालीको बिकास र सिचाई तथा कृषि क्षेत्रमा भएको उपलब्दीको उचित सदुपयोगको लागि अतिरिक्त पुजी को रुपमा US $50 million सहयोगको लागि पहल गरिएको थियो । फलस्वरूप यो आयोजनाको लागि थप अतिरिक्त पुजीको रुपमा सहमति स्वरूप सन् २०१४ जुलाई देखि २०१८ जुलाई ३० सम्म हुने गरि ऋण स्वरूप US $30 million र अनुदान स्वरूप US $20 million गरि जम्मा $50 million प्रदान गरिएको थियो ।

यस आयोजना अन्तर्गत चरोवटा बिभाग रहेका छन् ।

सिचाई पूर्वाधारको बिकाश तथा सुधार

सिचाई ब्यबस्थापनको हस्तान्तरण

सुधारिएका जलब्यबस्थापनको संथागत तथा नीतिगत सहयोग

एकीकृत बालि तथा जल ब्यबस्थापन

माथिका यी बिभाग मध्ये कम्पोनेन्ट B बिभागको मुख्य उदेश्य भनेको चुनिएका सिचाई प्रणाली मा सिचाई सेवा प्रदान र सिचाई सेवाको कार्यक्षमता बृदी गरि जल उपभोक्ता समितिलाई सिचाई ब्यबस्थापन हस्तान्तरण कार्यक्रमबाट यी कार्यहरुको यैकिबद्दता अनुरुप हस्तान्तरण गर्नु हो ।

सिंचाइ व्यवस्थापन हस्तान्तरण कार्यक्रमले निम्नलिखित उपलब्धि हासिल गर्ने लक्ष्य राखेको छ :

(क) जल उपभोक्ता समिति को आर्थिक तथा संथागत रुपले दिगोपन हुने, क्षमता र समानस्तर सिचाई सेवा दिलाउन सक्क्षम् हुने

(ख) चुनिएका सिचाई योजनाको भौतिक कार्यहरु सुध्रिड हुने

(ग) सिचाई बिभागसंगको सम्झौता अनुसार जल प्रदान हुने

(घ) जल उपभोक्ता समितिलाई स्वाधीन स्वचालित र आर्थिक रुपले स्थापित

अहिले कम्पोनेन्ट 'बि' ले ४ वटा माध्यम संस्थाबाट ब्यबस्थित सिचाई प्रणालीको ४ वटा उप - प्रणालीको परिचालन र रेखदेख गर्न नीतिगत तरिकाले स्थापित जल उपभोक्ता समितिलाई सहयोग पुर्याई रहेको छ।

## १.२. सम्पत्ति व्यवस्थापन योजना

सम्पत्ति व्यवस्थापन योजनाको आरम्भ वित्तीय र वाणिज्य क्षेत्रबाट भएको हो र हाल यस योजनाको प्रयोग सिंचाइ तथा भल-निकास क्षेत्रमा पनि भैरहेको छ । पारम्परिक रुपमा, सिंचाइ तथा भल-निकास संरचनाहरुमा गरिने लगानी मूल रुपमा संरचनाहरुको योजना र निर्माणमा मात्र केन्द्रित हुने गर्दथ्यो, तर संरचनाहरुको आर्थिक जीवनमा हुने सम्पत्तिको उपभोग र क्षयलाई थोरै मात्र वास्ता गरिन्थ्यो । तथापि, संरचनाहरुको व्यवस्थापन अन्तर्गत मर्मत सम्भार, पुनर्स्थापना, आधुनिकीकरण वा नया प्रविधिको कार्यान्वयन, सम्पत्तिको प्रतिस्थापना र विस्थापन जस्ता विभिन्न कार्यहरु पर्दछन् । यी सबै कार्यहरुको आफ्नो मूल्य हुन्छ र दिगो सेवा प्रदान गर्ने कार्यको समग्र मूल्यमा यी कार्यहरुको मूल्य समावेश गरिन्छ ।

सम्पत्ति व्यवस्थापन योजना भनेको, उपभोक्ताहरुलाई विश्वसनीय र खर्च बेहोर्न सकिने गरी सेवा प्रदान गर्नको लागि, संरचनाहरुमा दिगो रुपमा गरिने लगानीको योजना तर्जुमा गर्ने एउटा प्रक्रिया हो ।

## १.३. S4 शाखा नहरको सम्पत्ति व्यवस्थापन योजनाको उद्देश्य

S4 शाखा नहरको सम्पत्ति व्यवस्थापन योजनाको उद्देश्य जल उपभोक्ता संस्थालाई सिंचाइ प्रणालीको दिगोपनाको लागि संरचनाहरुको संचालन र मर्मत सम्भारको लागि वार्षिक रुपमा आवश्यक पर्ने लगानी बारे जानकारी गराई स्रोत संकलन र परिचालन गर्न समेत सहयोग गर्ने हो ।

## १.४. सम्पत्ति व्यवस्थापन योजना तर्जुमा कार्यविधि

S4 शाखा नहरमा रहेका संरचनाहरुको लागत तयार गरी वर्तमान अवस्थाको मूल्यांकन समेत गर्ने कार्य जल व्यवस्थापन ईन्जीनियरको निर्देशन बमोजिम फिल्ड ईन्जीनियरद्वारा जनवरी, २०१७ ई. मा सम्पन्न गरिएको थियो । संरचनाहरुको वर्तमान अवस्थाको मूल्यांकन भौतिक अवस्थाको मूल्यांकनको लागि तोकिएको ५ अवस्थाको लागि तालिका २ मा उल्लेखित विवरणको आधारमा गरिएको छ ।

S4 शाखा नहरको संचालन र मर्मत सम्भारको लागि लाग्ने खर्चको लागत अनुमान संरचनाहरुको वर्तमान भौतिक अवस्थालाई मध्येनजर राख्दै सम्बन्धित प्रणाली व्यस्थापन इकाइको इंजिनीरसंग परामर्श गरी ल्याइएको खर्चलाई जल उपभोक्ता समितिको क्षमतालाइ मध्यनजर राख्दै परिमार्जन गरि नहर संचालन एबम नहर मर्मत खर्च आकलन गरिएको ` छ । लागत अनुमानलाई चालू आर्थिक वर्ष समेत गरी ५ आर्थिक वर्षमा विभाजन गरिएको छ ।

## १.५. प्रतिवेदनको सीमा


यस प्रतिवेदनमा, सिंचाइ प्रणालीको दिगोपनाको लागि संरचनाहरुको संचालन र मर्मत सम्भारको लागि वार्षिक रुपमा आवश्यक पर्ने लगानीको मात्र अनुमान प्रस्तुत गरिएको छ । प्रस्तुत लगानी बेहोर्नको लागि आवश्यक पर्ने स्रोतको लागि स्रोत संकलन र परिचालन योजना समावेश गरिएको छैन ।

## १.६. प्रतिवेदनको ढांचा

यस सम्पत्ति व्यवस्थापन योजना प्रतिवेदनमा आयोजनाको पृष्ठभूमि, S4 शाखा नहर उप-प्रणालीको विवरण, जल उपभोक्ता संस्था, सम्पत्ति - सिंचाइ संरचना र अन्य सम्पत्तिको वर्तमान अवस्थाको लेखाजोखा, नहर संचालन तथा मर्मत सम्भारको लागत अनुमान र लागतको वार्षिक विभाजन आदि समावेश गरिएका छन् । साथै, यस प्रतिवेदनमा ४ परिशिष्टहरु - S4 शाखा नहरको संरचनाहरुको वर्तमान अवस्थाको लेखाजोखा, S4 शाखा नहर संग जोडिएका भवनहरु र अन्य सम्पत्तिको वर्तमान अवस्थाको लेखाजोखा, S4 शाखा नहरको नहर संचालन खर्चको विवरण र S4 शाखा नहरको मर्मत सम्भार खर्चको विवरण रहेका छन् ।

## २. S4 शाखा नहरको परिचय

**शाखा नहर मूल नहरको ११+५०० चेनेजमा इन्टेक रहेको छ । यो शाखाको कमाण्ड क्षेत्रफल ३१५ हेक्टर, लम्बाई ४०९६ मि. र प्रशाखा १२ वटा रहेको छ । यो शाखाको डिस्चार्ज ४७७ लिटर प्रति सेकेन्ड रहेको छ । यस शाखा भित्र ३५० घर धुरीहरु पानी प्रयोग कर्ता रहेका छन् ।**




चित्र: **S4** शाखा नहरको बिस्तारित कमाण्ड क्षेत्रफल

### २.१. S4 शाखा नहरमा भएका संरचनाहरु

S4 शाखा नहर तथा प्रशाखा नहरमा, शाखा नहर हेड रेगुलेटर गेट, पार्शल फ्लुम, पार्शल फ्लुम, ड्रप, कल्भर्ट, फुटब्रिज र लाइनिंग जस्ता संरचनाहरु रहेका छन् । यी संरचनाहरुको नहर वाइज र समष्टिगत परिमाण तालिका १ मा दिइएको छ ।

**तालिका १ : S4 शाखा नहरमा भएका नहर बाहेकका संरचनाहरु**

| क. सं. | संरचना | संख्या | कैफियत |
|---|---|---|---|
| १ | शाखा नहर हेड रेगुलेटर गेट | १ | |
| २ | प्रशाखा नहर हेड रेगुलेटर गेट | १३ | |
| ३ | ड्रप | ६ | |
| ४ | कल्भर्ट | ६ | |
| ५ | शाखा पार्शल फ्लुम | १ | |
| ६ | फुटब्रिज | २ | |
| ७ | लाइनिंग | १४ स्थान | |
| ८ | प्रशाखा हेड रेगुलेटर गेट बिना | २ | निर्माण कार्य पूर्ण रुपमा हुन बाकि |

## ३. जल उपभोक्ता संस्था

सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाको सिंचाइ व्यवस्थापन हस्तान्तरण कार्यक्रम अन्तर्गत, सिंचाइ विभाग र जल उपभोक्ता संघ केन्द्रिय समितिको संयुक्त व्यवस्थापनमा संचालित कन्काई सिंचाइ प्रणालीको क्षेत्रमा रहेका मूलनहर बाहेक सबै शाखा नहर, र प्रशाखा नहरहरुको सिंचाइ व्यवस्थापन गर्ने जिम्मेदारी कन्काई सिंचाइ जल उपभोक्ता समितिलाई हस्तान्तरण गरिएका`छ ।

जल उपभोक्ता समितिको वर्तमान कार्यकारिणी समिति यस प्रकार छ :

| | |
|---|---|
| श्री त्रिलोचन सापकोटा | अध्यक्ष |
| श्री ऋषि लाल शाह | उपाध्यक्ष |
| श्री तेज बहादुर थापा | सचिव |
| श्री टेक माया केरुंग (लिम्बु) | कोषाध्यक्ष |
| श्री मेघराज दुंगाना | सदस्य |
| श्री केशब सुवेदी | सदस्य |
| श्री क्याम्लाल शाह | सदस्य |
| श्री अनिता तुम्वापो | महिला सदस्य |
| श्री भिमादेवी प्रधान | महिला सदस्य |
| श्री बृहस्पति गुरागाई | साधारण सभा सदस्य |
| श्री सरस्वति खड्का | साधारण सभा सदस्य |

यस शाखामा ११ प्रशाखा समितिहरुमा १२१ सदस्यहरु रहेका छन् ।

### ३.१ प्रशाखा समितिको काम, कर्तव्य र अधिकार

- समितिको वार्षिक योजना तथा कार्यक्रम तयार गर्ने, सो को कार्यन्वयन गर्ने र कृषक सभामा प्रतिबेदन पेश गर्ने ।
- समितिको बार्षिक प्रतिबेदन र आय व्ययको प्रतिबेदन समेत कृषक सभाबाट पारित गराई सम्बन्धित शाखा समिति र मूल समितिमा पेश गर्नु पर्नेछ।
- प्रशाखा अन्तर्गतका उपभोक्ताहरुबाट उठाउनु पर्ने सदस्यता शुल्क, चन्दा, जरिवाना र अन्य रकम उठाउने।
- उपभोक्ताहरुबाट उठ्नु पर्ने सिचाई सेवा शुल्क तथा अन्य शुल्क नियमअनुसार उठाउने
- सिचाई नहुने जग्गाको लागतकट्टा गर्नका लागि मूल समिति मार्फत सिचाई कार्यालयलाई सिफारिस गर्ने र सिंचित क्षेत्रको अभिलेख राख्ने
- साधारण सभाबाट पारित भएका निर्णयहरु, नीति, नियमहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने गराउने
- कामको प्रकृति हेरी आवस्यक परेको खण्डमा प्रशाखा अन्तर्गत विभिन्न उपसमितिहरु गठन गरि कार्य विभाजन गरि कार्यान्वयन गराउने यसरि उपसमितिहरु गठन गर्दा प्रशाखा समितिका पदाधिकारी वा कार्यकारी सदस्यहरु मध्ये कुनै एक जनाको संयोजकत्वमा प्रशाखा भित्रका उपभोक्ताहरु मध्ये दुइ जना समाबेश गरि प्रत्येक उपसमितिमा बढीमा तिन जना रहने व्यवस्था मिलाउने
- यस प्रणालीका संरचनाहरु र सम्बद्द सम्पत्तिहरुको उचित संरक्षण, मर्मत संभार गर्नका लागि स्रोत संकलन गरि परिचालन गर्ने
- प्रशाखा नहर अन्तर्गत पानी बाडफाड, वितरण व्यवस्था मिलाउने र पानी दुरुप्रयोग हुन नदिने
- आफ्नो क्षेत्र भित्रका कृषकहरुलाई सक्रिय बनाइँ सिचाई कार्यक्रम संचालन गर्ने
- मुल समिति र शाखा समितिको निर्णय र निर्देशन कार्यन्वयन गर्ने, गराउने
- विभिन्न बालीको लागि पानी वितरण तालिका बनाउन मूल समिति र शाखा समितिलाई सहयोग गर्ने र तालिना अनुसार पानीको बिताराणको व्यवस्थ गर्ने
- आफ्नो क्षेत्र भित्रको नहर काट्ने र अन्य क्षति पुराउने व्यक्तिलाई दण्ड जरिवाना गर्ने
- प्रशाखा नहरको मर्मत सुधार काममा सहभागी नहुने उपभोक्ताहरुलाई दण्ड जारिवाना गर्ने

- कुनै पदाधिकारी वा सदस्यको पद पदवधि वाकी रहदै कुनै कारणले रिक्त हुन् गएमा कृषक सभा नभए सम्मको लागि प्रशाखा समितिले वाकी सदस्यहरु मध्येबाट सो पदाधिकारी र जल उपभोक्ताहरुबाट सदस्यका पदमा मनोनित गर्नेछ
- कृषकहरुको आपसी सहमतिबाट प्रशाखाबाट पईनी ( फिल्ड च्यानल ) बनाउने र सुरक्षा तथा मर्मत संभार गर्ने
- प्रशाखा नहर भित्र पालो प्रणाली अनुसार सिचाई गर्नु पर्ने भएमा पालो समय र मितिको जानकारी सबै कृषकलाइ दिई सोहि अनुसार निर्धारित पईनिबाट सिचाई गर्ने व्यवस्था मिलाउने
- आफ्नो पालो बिपरित प्रयोग गर्ने व्यक्तिहरु माथि उचित कारबाही गर्ने

३.२ **शाखा समितिको काम, कर्तव्य र अधिकार**

- सम्बन्धित नहर र स्ट्रकचरहरुको मर्मत सुधार र संचालन, पानी वितरण ब्यबस्थापन गर्ने तथा सो कार्य गर्नका लागि सिचाई कार्यालयबाट मर्मत संभार कार्यको लागि आवस्यक प्राबिधिक सल्लाह लिने ।
- नहर नहरी र भौतिक संरचनाहरु र अन्य सम्बद्द सम्पत्तिहरुको सुरक्षा गर्ने ।
- आफ्नो क्षेत्र भित्र संरचनाहरु र अन्य संवद्द सम्पत्तिहरु बीच समन्वयकायम गर्ने ।
- समितिको निर्णय अनुसार शाखा आहारको मर्मत, सुधार र सुरक्षाको व्यवस्था मिलाउने ।
- दफा ४० को उपदफा २ (च) वमोजिम प्राप्त हुने सिचाई सेवा शुल्कको अंश रकम समितिको कोषमा जम्मा गर्ने बुअबस्था मिलाउने ।
- आफ्नो क्षेत्र भित्र सुचारु रुपले कार्य संचालनका लागि आवस्यक परेमा विभिन्न उपसमितिहरु गठन गरि काम गराउने । यसरि उपसमितिहरु गठन गर्दा पदाधिकारी वा कार्यकारी सदस्यहरु मध्ये कुनै एकजनाको संयोजकत्वमा आफ्नो क्षेत्र भित्रका प्रशाखा समितिका पदाधिकारी वा सदस्यहरु समेत समाबेश गरि प्रत्येक उपसमितिमा बढीमा ३ जन रहने व्यवस्था मिलौनी ।
- समितिको नाममा कुनै स्रोतबाट आएको पुरस्कार, आर्थिक सहयोग, ऋण र आम्दानीको हिसाब दुरुस्त राख्ने ।
- पानी आउने, बन्द हुने मिति, समय र दिनको जानकारी राखी आफ्नो मातहतका प्रशाखा समितिहरुलाई सुचना दिने ।
- नहर काट्ने छेक्ने, जथाभाबी पाइप लगाउने, बाध लगाउनेलाई आवस्यक दण्ड जरिवाना गर्ने ।

- शाखासमितिले आफ्नो क्षेत्र भित्रको सम्पूर्ण प्रशाखा समितिहरुलाइ प्रशाखा नहर मर्मत संभार तथा पानी वितरण र उपभोग गर्ने सम्बन्धमा आवस्यक निर्देशन दिने ।
- पानीको उपलब्धतालाई ध्यानमा राखी उपर्युक्त बालि प्रणाली अपनाई बालि लगाउने प्रबन्ध मिलाउने ।
- मूल समितिको साधारण सभाबाट पारित भएका निर्णयहरु, नीति नियम तथा मूल समितिका निर्देशनहरुलाई प्रभाबकारी ढंगबाट कार्यान्वयन गर्ने, गराउने ।
- समितिको निर्णय अनुसार गरेको सम्पूर्ण आर्थिक कारोबारको लेखा परिक्षण गराउने ।
- शाखासमितिको आय व्ययको प्रतिबेदन एबम बार्षिक कार्यक्रम शाखा सभामा पेश गरि अनुमोदन गराउने ।
- शाखा सभाबाट पारित भएका नीति नियम, निर्देशन समेत कार्यान्वयन गर्ने, गराउने ।

### ३.३ जल उपभोक्ता संस्थाको नहर संचालन तथा मर्मत सम्भार गर्ने कार्यनीति

#### ३.३.१ शाखा नहरको सिल्ट र झाडी बुट्यान सफा गर्ने

S4 शाखामा सिल्ट सफा गर्दा शाखा कै स्रोतबाट लाइनिंग भएको भागमा ठेक्का अथवा मजदुर लगाएर सफा गरिन्छ भने लाइनिंग भएको भागमा चाहि मेसिनबाट सफा गरिन्छ । यी सबै कामहरुको रेखदेख समितिकै मान्छेलाई जिम्मा दिइन्छ ।
यो सफा गर्ने काम वर्षमा दुइ पटक (एक पटक फागुन चैत तिर अनि अर्को चाहीं चैत/बैशाख) गरिन्छ ।

#### ३.३.२ **प्रशाखा** नहरको सिल्ट र झाडी बुट्यान सफा गर्ने

प्रशाखा नहरहरू स्रोतले भ्याएसम्म ठेक्का लगाईन्छ नभए उपभोक्ताहरु बाटै श्रमदान गरि काम सम्पन्न गरिन्छ ।

## ४. सम्पत्तिको वर्तमान अवस्थाको लेखाजोखा

S4 शाखा नहरका सिंचाइ संरचनाहरु र अन्य सम्पत्तिहरुको तत्कालिन भौतिक अवस्थाको लेखाजोखा तालिका २ मा विश्व बैंक मिशनले सुझाव दिएको १ देखि ५ सम्मको भौतिक अवस्थाको आधारमा मुल्यांकन गर्नुको सिचाई ब्यबस्थापन हस्तान्तरण सम्झौता पत्र ( २०६६)मा उल्लेख गरिएको छे।

**तालिका २ : संरचनाको भौतिक अवस्थाको लेखाजोखा गर्ने आधार**

| रेटिंग/अवस्था | अवस्था |
|---|---|

| सूचक | |
|---|---|
| ५ | नवनिर्मित र पूरै सेवा दिनसक्ने |
| ४ | सामान्यतया ठीक अवस्थामा भएको, नबिग्रे-भत्केको, नियमित मर्मत सम्भार मात्र गर्नु पर्ने, अपेक्षित कार्य (सेवा) सन्तोषजनक ढंगले सम्पादन गरेको |
| ३ | सामान्यतया ठीक अवस्थामा भएको, केही बिग्रे-भत्केको, हेरचाह आवश्यक रहेको, तथापि अपेक्षित कार्य (सेवा) सन्तोषजनक ढंगले सम्पादन गरेको |
| २ | धेरै बिग्रे-भत्केको वा क्षतिग्रस्त भएको, मर्मत सम्भारमा ढिलाई भएको कारणले क्षतिग्रस्त, सेवा दिन नसक्ने अवस्थामा पुगेको, तत्काल पुनर्स्थापना गर्नु पर्ने |
| १ | अत्यन्त खराब र दयनीय अवस्थामा रहेको, चालू अवस्थामा नरहेको, सेवा पुनर्बहाली गर्नको लागि आंशिक पुनर्निर्माण वा पूर्ण प्रतिस्थापन गर्नु पर्ने |

### ४.१. सिंचाइ संरचनाहरुको भौतिक अवस्थाको लेखाजोखा

S4 शाखा नहरका सिंचाइ संरचनाहरुको वर्तमान भौतिक अवस्थाको लेखाजोखा परिशिष्ट १ मा दिइएको छ । केही संरचनाहरु बाहेक धेरैजसो संरचनाहरु सामान्यतया ठीक अवस्थामा भएको, नबिग्रे-भत्केको, नियमित मर्मत सम्भार मात्र गर्नु पर्ने, अपेक्षित कार्य (सेवा) सन्तोषजनक ढंगले सम्पादन गर्न सक्ने अवस्थामा रहेका छन् ।

### ४.२. अन्य संरचना र सम्पत्तिहरुको भौतिक अवस्थाको लेखाजोखा

शाखाको मुख नजिकै क्वाटर रहेको तर उक्त क्वाटर व्यक्तिको जग्गाको धनि पुर्जामा रहेको भन्ने विवादका कारण उपभोगमा आउन सकेको छैन साथै क्वाटरको अवस्था पनि जिर्ण रहेको छ । शाखाको हाल कार्यलय भारामा चलाउदै आइएको छ ।

## ५. नहर संचालन तथा मर्मत सम्भार खर्च

S4 शाखा नहरको संचालनमा लाग्ने खर्चको लागत अनुमान परिशिष्ट ३ मा दिइएको छ । यस खर्च अन्तर्गत, १२ वटा गेटहरुको नियमित मर्मत सम्भारमा लाग्ने खर्च, १ जना(३ **महिनाको लागि**) चौकीदारको तलब बापतको खर्च, १ जना चौकीदारको लागि झाडी तथा बुट्यान सरसफाई र सानातिना माटो खन्ने र भर्ने कामका लागि औजार र उपकरणको उपलब्धतामा लाग्ने खर्च, जउस प्रतिनिधि तथा चौकीदारद्वारा शाखा नहरको गस्ती (पैट्रोलिंग) को लागि साइकलको मर्मत खर्च, जउस प्रतिनिधि तथा चौकीदार बीच संचारको लागि खर्च, जउस प्रतिनिधि तथा चौकीदारको लागि स्टेशनरी खर्च र अन्य आवश्यक सामाग्री खर्च समावेश गरिएका छन् । नहरको संचालनमा लाग्ने खर्चलाई चालू आर्थिक वर्ष सहित ५ आर्थिक वर्षमा विभाजन गरिएकोछ ।

यसैगरी, S4 शाखा नहरको मर्मत सम्भारमा लाग्ने खर्चको लागत अनुमान परिशिष्ट ४ मा दिइएको छ । यस खर्च अन्तर्गत, S4 शाखा नहरमा भएका संरचनाहरुको मर्मत सम्भारमा लाग्ने खर्चका साथै नहरमा थुप्रिएको सिल्ट र उम्रेका झाडी तथा बुट्यानको सफाईमा लाग्ने खर्च समावेश गरिएका छन् । नहरको मर्मत सम्भारमा लाग्ने खर्चलाई चालू आर्थिक वर्ष सहित ५ आर्थिक वर्षमा विभाजन गरिएकोछ । यसका साथै, शाखाको आकस्मिक मर्मत सम्भारको लागि प्रति वर्ष रु. १०००० खर्च छुट्याउने गरी प्रस्ताव गरिएको छ ।

अन्तमा, S4 शाखा नहरको संचालन तथा मर्मत सम्भारमा लाग्ने खर्चको समष्टिगत र वार्षिक विवरण तालिका ३ मा दिइएको छ । यसरी समस्टिगत रुपमा नहर संचालन तथा मर्मत संभार खर्च रु ५५३.३३ प्रति हेक्टर हुन आउछ ।

**तालिका ३ : S4 शाखा नहरको संचालन तथा मर्मत सम्भारमा लाग्ने खर्चको समष्टिगत र वार्षिक विवरण**

| क. सं. | विवरण | लगत अनुमान (रु.) | वर्ष १ (रु.) | वर्ष २ (रु.) | वर्ष ३ (रु.) | वर्ष ४ (रु.) | वर्ष ५ (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | नहर संचालन खर्च | 275000 | 55000 | 55000 | 55000 | 55000 | 55000 |
| २ | नहर नियमित मर्मत सम्भार खर्च | 546500 | 109300 | 109300 | 109300 | 109300 | 109300 |
| ३ | नहरको आकस्मिक मर्मत सम्भार खर्च | 50000 | 10000 | 10000 | 10000 | 10000 | 10000 |
| | **जम्मा नहर संचालन र मर्मत सम्भार खर्च रु.** | **871500** | **174300** | **174300** | **174300** | **174300** | **174300** |

## ६. जल उपभोक्ता संस्थाको स्रोत व्यवस्थापन योजना

### ६.१ सिंचाइ सेवा शुल्कबाट उठेको रकम

सिचाई सेवा शुल्क राम्रो संग नउठेको पहिलेको वर्ष २०० प्रति बिग्गा दर थियो भने अहिले ३०० प्रति बिग्गा लिगेर उठाइदै छ । अघिल्लो वर्ष २०७२ सालमा रु १५७५१० उठेको र यसको १० % कर तिरिएको र बाकीको ४० %मूल समितिलाई २०% प्रशाखालाई र ४० % , शाखालाई स्रोतको रुपमा चलाइदै आएको छ । यस शाखामा करिब ९५% जति उठ्दै गरेको छ ।

### ६.२ अन्य क्रियाकलापहरुबाट आयआर्जन भएको रकम

अन्य क्रियाकलापहरु केहि नभएको तर घास ठेक्का तथा माछा पोखरीमा पानि पोतको रकम उठाउने जस्ता सोच गरिएको छ ।

## ७. शाखा र प्रशाखा नहर अर्न्तगतको नहर, नहरी सफा गर्ने निति नियम

- शाखा नहरको सरसफाई वर्षको एक पटक वर्षे बाली पूर्व शाखा समितीले गराउनु पर्दछ ।
- शाखाको सिल्ट सफाई कार्य मेशिन प्रयोग गर्ने गरी र मेशिनले नगर्न सकिने ठाँउमा मानिसबाट गराउनुपर्ने हुन्छ ।

- संरचनाहरुको तल माथि झार, पात सफा गर्ने कार्य तथा साना तिना टुटफुट भए, सडकमा भएको खाल्डा पुर्ने इत्यादी कार्य नियमित रुपमा नियुक्त चौकीदारलाई परिचालन गरी गर्नुपर्ने हुन्छ ।
- शाखा एंव प्रशाखाका हेड रेगुलेटर ⁄कस रेगुलेटर गेटहरुको ग्रिजिङ्ग कार्य वर्षको दुई पटक वर्षे वाली र हिऊदे वाली पूर्व गरिनु पर्दछ ।
- उपरोक्त गेटहरुमा केही मर्मत गर्नुपर्ने भएमा शाखा समितिको दायित्व हुनेछ ।
- शाखाको मर्मत संम्भार कार्यको लागि रकम अभाव भएमा शाखा समितिले आफ्नो मातहतको प्रशाखा समितीहरु सँग क्षेत्रफलको आधारमा श्रम एंव श्रोत जुटाउन माँग गर्न सक्दछ ।
- प्रशााखा एंव कुलो मर्मत संम्भार तथा सञ्चालनको हकमा सम्बन्धित प्रशाखा⁄कुलो समितीको दायित्व हुनेछ र सम्पूर्ण कार्य क्षेत्रफलका आधारमा श्रमदान परिचालन गरि गर्नुपर्नेछ ।
- प्रशाखा ⁄कुलो समितीले प्रशाखा, कुलो भित्र गरेको श्रमदान वा अन्य श्रोत परिचालनको अभिलेख नियमित रुपमा राखी शाखा तथा उपशाखा समितीलाई जानकारी गराउनु पर्दछ ।

## ८. निष्कर्ष र सुझाव

S4 शाखा नहरको सिंचाइ व्यवस्थापनको सम्पूर्ण जिम्मेदारी जल उपभोक्ता संस्थाको भएकोले जल उपभोक्ता संस्थाले नहरको संचालन तथा मर्मत सम्भारमा लाग्ने खर्च जुटाउनका लागि सिंचाइ सेवा शुल्क संकलन का अतिरिक्त अन्य सम्पत्तिहरुको उपयोग गरी स्रोत संकलन गर्नु पर्ने प्रस्ताव यस प्रतिवेदनमा गरिएको छ । साथै, प्रतिवेदनमा उल्लेख नगरिएका अन्य स्रोतहरुको परिचालन गरी आय आर्जन गर्न समेत जल उपभोक्ता संस्थालाई सुझाव प्रस्तुत गरिन्छ ।

# परिशिष्ट १

## **कन्काई** सिंचाइ प्रणाली

# S4 शाखा नहरको संरचनाहरुको वर्तमान अवस्थाको लेखाजोखा

| क. सं. | संरचना | चेनेज (किमी) | अवस्था सूचक | समस्या/मर्मत सम्भार आवश्यकता | अनुमानित लागत खर्च |
|---|---|---|---|---|---|
| | **S4** | | | | |
| | हेड रेगुलेटर गेट S4 / दुवै छेउमा लाइनिंग सुरु | ०+००० | | स्कीन प्लेटमा प्वाल परेको र स्पिन्डलमा ग्रीज नभएको | १४१० |
| | पार्शल फ्लुम | ०+०१२ | | | |
| | हेड रेगुलेटर गेट T1 | ०+०४४ | | स्पिन्डलमा ग्रीज नभएको | ८०५ |
| | हेड रेगुलेटर गेट T2 | ०+०४४ | | स्पिन्डलमा ग्रीज नभएको | ८०५ |
| | ड्रप | ०+०४७ | | | |
| | लाइनिंग भत्केको | ०+०६२ | | | |
| | लाइनिंग भत्केको लगभग ३ मीटर जति | ०+११७ | | | |
| | दुवै छेउमा लाइनिंग अन्त्य | ०+१५६ | | | |
| | दुवै छेउमा लाइनिंग सुरु | ०+३६२ | | | |
| | लाइनिंग माटोले ढाकिएको | ०+३६८ | | | |
| | कल्भर्ट (कल्भर्ट) | ०+३९३ | | | |
| | दुवै छेउमा लाइनिंग अन्त्य | ०+४४५ | | | |
| | देब्रे छेउमा लाइनिंग सुरु | ०+६२५ | | | |
| | देब्रे छेउमा लाइनिंग अन्त्य र दुवै छेउमा लाइनिंग सुरु | ०+६८६ | | | |
| | लाइनिंग भत्केको | ०+६९७ | | | |
| | दुवै छेउमा लाइनिंग अन्त्य | ०+७०९ | | | |
| | दुवै छेउमा लाइनिंग सुरु | ०+९५८ | | | |
| | हेड रेगुलेटर गेट T3 | ०+९६४ | | स्पिन्डलमा ग्रीज नभएको, स्कीन प्लेटमा रबर शिल छैन | ८०५ |
| | कल्भर्ट | ०+९८८ | | | |
| | हेड रेगुलेटर गेट T4 | ०+९९१ | | स्पिन्डलमा ग्रीज नभएको, स्कीन प्लेटमा प्वाल परेको | ८०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ड्रप | ०+९९५ | | | |
| | दुवै छेउमा लाइनिंग अन्त्य | १+०११ | | | |
| | देब्रे छेउमा लाइनिंग सुरु | १+३७६ | | | |
| | देब्रे छेउमा लाइनिंग अन्त्य | १+४२३ | | | |
| | फूट ब्रिज | १+५२१ | | | |
| | दुवै छेउमा लाइनिंग सुरु | १+५८८ | | | |
| | लाइनिंग लगभग १० मीटर जति भत्केको | १+६२० | | | |
| | कल्भर्ट | १+६८५ | | कुनै मर्मत गर्न नपर्ने | |
| | हेड रेगुलेटर गेट T5 | १+६९० | | स्पिन्डलमा ग्रीज नभएको, खिया लागेकोले स्कीन प्लेट प्वाल परेको | ८०५ |
| | प्रशाखामा हेड रेगुलेटर गेट नभएको -1 | १+६९० | | | |
| | ड्रप | १+६९४ | | | |
| | लाइनिंग भत्केको | १+७२३ | | मर्मत गर्न नपर्ने | |
| | दुवै छेउमा लाइनिंग अन्त्य | १+७४७ | | | |
| | फूट ब्रिज | २+१९० | | | |
| | देब्रे छेउमा लाइनिंग सुरु | २+२६३ | | | |
| | देब्रे छेउमा लाइनिंग अन्त्य | २+३३८ | | | |
| | देब्रे छेउमा लाइनिंग सुरु | २+३८३ | | | |
| | देब्रे छेउमा लाइनिंग अन्त्य र दुवै छेउमा लाइनिंग सुरु | २+४१२ | | | |
| | कल्भर्ट | २+५३३ | | | |
| | हेड रेगुलेटर गेट T6 | २+५३८ | | स्पिन्डलमा ग्रीज नभएको | ८०५ |
| | हेड रेगुलेटर गेट T7 | २+५३८ | | स्पिन्डलमा ग्रीज नभएको, रबर शिल नभएको, स्कीन प्लेटमा प्वाल परेको खिया लागेर | ८०५ |
| | ड्रप | २+५४१ | | | |
| | प्रशाखामा हेड रेगुलेटर गेट नभएको -2 | २+५५० | | | |
| | दुवै छेउमा लाइनिंग अन्त्य | २+५७४ | | | |
| | देब्रे छेउमा लाइनिंग सुरु | २+७५५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | देब्रे छेउमा लाइनिंग अन्त्य | २+८७६ | | | |
| | फूट ब्रिज | २+९७४ | | | |
| | कल्भर्ट | ३+१०४ | | | |
| | हेड रेगुलेटर गेट T8 | ३+१०९ | | स्पिन्डलमा ग्रीज नभएको, प्लेट फर्ममा प्वाल परेको, रबर शिल नभएको, स्कीन प्लेट र स्पिन्डल को बीच को जिडाई खाकुल्लो भएको | ८०५ |
| | हेड रेगुलेटर गेट T9 | ३+१०९ | | स्पिन्डलमा ग्रीज नभएको, रबर शिल छैन, प्लेट फम खिया लागेको, ब्रेसप्लेट खतम भएको खिया लागेर, बेरिंग बिग्रेको | ८०५ |
| | ड्रप र दुवै छेउमा लाइनिंग सुरु | ३+१११ | | | |
| | दुवै छेउमा लाइनिंग अन्त्य | ३+११७ | | | |
| | ड्रप | ३+३०१ | | | |
| | देब्रे छेउमा लाइनिंग सुरु | ३+४३६ | | | |
| | देब्रे छेउमा लाइनिंग अन्त्य | ३+५८६ | | | |
| | हेड रेगुलेटर गेट T10 | ३+६९४ | | छेउमा रहेको ब्रेस प्लेट मा प्वाल परेको, स्पिन्डलमा ग्रीज नभएको, रबर शिल छैन, | ८०५ |
| | देब्रे छेउमा लाइनिंग सुरु | ३+८७४ | | | |
| | देब्रे छेउमा लाइनिंग अन्त्य | ३+९३९ | | | |
| | कल्भर्ट | ४+०९१ | | | |
| | हेड रेगुलेटर गेट T13 | ४+०९६ | | स्पिन्डलमा ग्रीज नभएको, रबर शिल छैन, स्कीन प्लेटमा खिया लागेर प्वाल परेको | ८०५ |
| | हेड रेगुलेटर गेट T11 | ४+०९६ | | स्पिन्डलमा ग्रीज नभएको, रबर शिल छैन, स्कीन प्लेटमा खिया लागेको | ८०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | हेड रेगुलेटर गेट T12 | ४+०९६ | | स्पिन्डलमा ग्रीज नभएको, रबर शिल छैन | ८०५ |
| | | | | | **११८७५** |

*उक्त गेट मर्मतको लागि बिडिंग कन्काई सिचाई ब्यबस्थापन डिभिजन ले गरिसकेको र मर्मत कार्य हुन बाकी रहेको

# सिल्ट साफको कुल लागत अनुमान

| **क. सं.** | **शाखाको नाम** | **लम्बाई** | **अनुमानित चौडाई** | **अनुमानित उचाई** | **अनुमानित आयातन** | **दर** | **जम्मा रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| १ | S4 | २९०६ | १ | ० .१५ | ४३५.९ | ८० | ३४८७२ | मेसिन बाट |
| २ | " | ११९० | १ | ०.१५ | १७८.५ | ३६०.६८ | ६४३८१.३८ | मजदुर बाट |
| | **जम्मा** | | | | | | ९९२५३.३८ | (१)+(२) मजदुरको लागत शाखाले बेहोर्ने |

**परिशिष्ट २**

**कन्काई सिंचाइ प्रणाली**

# S4 शाखा नहर संग जोडिएका भवनहरु र अन्य सम्पत्तिको वर्तमान अवस्थाको लेखाजोखा

| क. सं. | संरचना | चेनेज (किमी) | अवस्था सूचक | समस्या/मर्मत सम्भार आवश्यकता | अनुमानित लागत खर्च |
|---|---|---|---|---|---|
| (क) | **भवन** | | | | |
| १ | शाखा नहरको शिरानमा रहेको | | १ | उपभोक्ताको जग्गमा पर्ने भन्ने कुरा रहेको | |
| | | | | | |
| (ख) | **प्रयोगमा नरहेको जग्गा** | | | | |
| १ | शाखाले चर्चेको जग्गा सुरु देखि अन्त्य सम्म | | | जल उपभोक्ता संस्थाले आय आर्जन गर्ने प्रयोजनका लागि बिजिनेस प्लान बनाई प्रयोगमा ल्याउन सकिने | |

## कन्काई सिंचाइ प्रणाली

# S4 शाखा नहरको नहर संचालन खर्चको विवरण

| क. सं. | विवरण | लगत अनुमान (रु.) | वर्ष १ (रु.) | वर्ष २ (रु.) | वर्ष ३ (रु.) | वर्ष ४ (रु.) | वर्ष ५ (रु.) |
|---|---|---|---|---|---|---|---|
| 1 | गेट मर्मत सम्भार (१४ वटा) | **60000** | 12000 | 12000 | 12000 | 12000 | 12000 |
| 2 | १ जना (३ **महिनाको का लागि**) चौकीदारहरुको तलब | **187500** | 37500 | 37500 | 37500 | 37500 | 37500 |
| 3 | चौकीदारहरुको लागि झाडी तथा बुट्यान सरसफाई र सानातिना माटो खन्ने र भर्ने कामका लागि औजार र उपकरणको उपलब्धता | **5000** | 1000 | 1000 | 1000 | 1000 | 1000 |
| 4 | जउस प्रतिनिधि र चौकीदारद्वारा शाखा र सेकण्ड्री नहरको गस्ती (पैट्रोलिंग) को लागि साइकलको मर्मत खर्च | **5000** | 1000 | 1000 | 1000 | 1000 | 1000 |
| 5 | जउस प्रतिनिधि र चौकीदार बीच संचारको लागि खर्च | **10000** | 2000 | 2000 | 2000 | 2000 | 2000 |
| 6 | जउस प्रतिनिधि र चौकीदारको लागि स्टेशनरी खर्च | **2500** | 500 | 500 | 500 | 500 | 500 |
| 7 | जउस प्रतिनिधि र चौकीदारको लागि अन्य आवश्यक सामाग्री खर्च | **5000** | 1000 | 1000 | 1000 | 1000 | 1000 |
| | **जम्मा** (रु.) | **275000** | **55000** | **55000** | **55000** | **55000** | **55000** |

**परिशिष्ट ४**

**कन्काई** सिंचाइ प्रणाली प्रथम चरण

## S4 शाखा नहरको मर्मत सम्भार खर्चको विवरण

| क्र. सं. | संरचना | चेनेज (किमी) | अनुमानित लागत खर्च | वर्ष १ (रु.) | वर्ष २ (रु.) | वर्ष ३ (रु.) | वर्ष ४ (रु.) | वर्ष ५ (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| (क) | **S4** को नहर शाखाको खर्च विवरण | | | | | | | |
| १ | विभिन्न संरचना मर्मत संभार | | 50000 | 10000 | 10000 | 10000 | 10000 | 10000 |
| २ | सिल्ट तथा झाडी बुट्यान सफा गर्ने कार्य | | 496500 | 99300 | 99300 | 99300 | 99300 | 99300 |
| ३ | आकस्मिक खर्च | | 50000 | 10000 | 10000 | 10000 | 10000 | 10000 |
| | **कुल जम्मा** | | **596500** | **119300** | **119300** | **119300** | **119300** | **119300** |